# नेपालको निमित्त समुद्रको बाटो भारतमा पैठारी गरएका माल भारत भै नेपाल ल्याउने कार्य—प्रणाली

३१ जुलाई, १९५० मा हस्ताक्षर गरिएको नेपाल भारतीय वाणिज्य सन्धको दोस्रो धारामा शंकेत गरिएका बन्दोबस्तहरू तल लेखिएबमोजिम हुनेछन्:—

१. नेपालमा निकाशी गर्नेको निमित्त माल सामानहरू भारतमा पैठारी गर्दा पैठारी गर्ने या निजका वारेसले पैठारी भएको भारतीय बन्दरगाहमा तल लेखिएबमोजिम गर्नुपर्दछ: —

(क) भारतीय कष्टम हाउसमा सम्बन्धित एन्टि बीलमा निम्न कुराको कबुलियत गर्नुपर्छ:—

"यसमा लेखिएका मालसामानहरू नेपाल निकाशी गरिने हुन् र बीचबाट अरू कुनै देशमा लगिनेछैनन् भनी म (हामीहरू) कबुल गर्छु। (गर्छौं)"

(ख) उक्त कष्टम हाउसमा रीतपूर्वक एन्ट्रि बील जाँची महसूल कायम भइसकेपछि मालमा लगाइएको भारतीय भन्सार महसूल तिर्नुपर्छ।

(ग) यसरी महसूल तिरिसकेपछि कष्टम हाउसबाट मालसामान हटाउनुभन्दा अगाडि नै मालका विवरण अर्थात् चिह्न, नम्बर, अदेतको तौल, मालको बयान र मोल इत्यादि र यी मालहरू भारतबाट नेपालभित्र लगिने भारतीय सीमाना चौकी (रक्सौल, जोगवनी, नेपालगञ्ज, नौतनवा, जयनगर वा भारत र नेपालसरकारका सम्झौताबमोजिम स्थापित हुने अरू कुनै चौकी) समेतको नाम खुलाई यसैसाथ दिएको नमुनाबमोजिमको चार प्रति फाराम भर्नुपर्छ।

(घ) त्यसपछि कलकत्तामा भए नेपालका कन्सल जनरलद्वारा र बम्बईमा भए यसै कामका निमित्त नेपाल सरकारद्वारा मुकरर गरिने अफिसरद्वारा फारामका चारै प्रति प्रमाणित गराउनुपर्छ।

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) त्यसपछि, महसूल तिरेको कष्टम हाउसको रसीदसहितको एजिट बीलका साथै फारामका चारै प्रति कष्टम हाउसमा पेश गर्नुपर्छ।

२ त्यसपछि, कष्टम हाउसले भारतीय कष्टमको सील लगाई सकल फाराम रीतपूर्वक भरी तथा दर्ता गरी सो फारामको साथ माल पैठारी गर्ने वा निजका वारेसलाई डेलिभरी दिनेछ।

३. भारतीय कष्टम हाउसले फाराममा उल्लेखित सीमाना चौकीको जिम्मा लिई बसेका भारतीय लाएण्ड कष्टम र सेन्ट्रल एक्साइज इन्सपेक्टरकहाँ फारामको दोस्रो र तेस्रो प्रति एकैसाथ पठाइदिनेछ।

४. चौथा प्रति भारतीय कष्टम हाउसमा राखिनेछ।

५. सीमाना चौकीमा माल पुगेपछि पैठारी गर्ने (नेपाल निकाशी गर्ने) या निजका वारेसले सकल फारामसहित मालहरू लायण्ड कष्टम्स र सेन्ट्रल एक्साईज इन्सपेक्टरछेउ पेश गर्नुपर्छ।

६. उपरोक्त लायण्ड कष्टम्स् र सेण्ट्रल एक्साईज इन्सपेक्टरले:—

(क) भारतीय कष्टम हाउसले पठाएको फारामको दोस्रो र तेस्रो प्रतिसँग सकल फाराम भिडाउनेछन्।

(ख) अदतको सील जाँच्नेछन् र फारामको विवरणबमोजिमको अदत हो होइन, हेर्नेछन्।

(ग) सकल फारामसँग दोस्रो र तेस्रो प्रति फारामहरू भिडेमा, सील साबुद भएमा र अदतहरू पनि चित्त बुझ्ने गरी भिडेमा सो अदतहरू नेपाल राज्यभित्र लैजाने इजाजत दिनेछन् र फारामको तीनै प्रतिमा सोही बेहोरा जनाइदिनेछन्।

(नोट:—सील साबुद नभएमा फारामको विवरणबाट र मरुरत परे अदत खोली बालै पनि जाँची चित्त बुझ्ने गरी अदत माल यकिन गरी फेरि अदतमा आफ्नो सील लगाइदिन [illegible])।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) तेस्रो प्रति आफूसँगै राख्नेछन् र पैठारी गर्ने (नेपाल निकाशी गर्ने) वा निजका बारेसलाई नेपाल भन्सार अड्डाको हाकिमकहाँ पेश गर्ने रीतपूर्वक भरी सकल फारामसहित माल दिनेछन् औ दोस्रो प्रति फाराम यस कामको निमित्त मुकर्रर भएका नेपाली प्रतिनिधिमार्फत उक्त भन्सारका हाकिमछेउ पठाइदिनेछन्।

७. उपरोक्त भन्सार अड्डाका हाकिमले:—

(क) नेपाल सरकारको निर्देश ऐन सवालबमोजिम गर्नेछन्।

(ख) भारतीय कष्टम्सको सील साबुद रही नेपाल सरहद्भित्र माल आइपुगेको हो, फारामको बेहोरासँग अदत भिड्छ र नेपालभित्र लान सो माल भन्सारको जिम्माबाट रीतपूर्वक छुट्यो भनी फारामको प्रत्येक प्रतिमा जनाइदिनेछन्।

(ग) फारामको दोस्रो प्रति आफूसँग राख्नेछन्।

(घ) सकल फाराम अर्थ–सेक्रेटरी, नेपाल सरकार, काठमाडौंकहाँ पठाउनेछन्।

८. कमसेकम महिना दिनको अवधि नाघेपछि नेपाल सरकारका अर्थ–सेक्रेटरीले सीमानाका नेपाली भन्सारका हाकिमहरूले पठाइराखेको सकल फारामहरूमा दस्तखत गरी चलानीसहित काठमाडौंमा रहेको भारतीय राजदूतावासमा पठाउनेछन्।

९. पैठारी भएको कुनै मालको सकल फाराम, यसरी दस्तखत भई, पैठारी भएको भारतीय सम्बन्धित बन्दरगाहमा दर्ता भएका मितिले ६ महिना नाघ्नु अगाडि भारतीय राजदूतावासमा पुग्नुपर्छ। तर कुनै कलममा माल पैठारी गर्ने (नेपाल निकाशी गर्ने) को वश–बाहिरको कारण परिबन्ध परी ढिला हुन गएको भन्ने कलेक्टर अफ कष्टम्सको चित्त बुझ्ने गरी प्रमाणित गरेमा सम्बन्धित पैठारी हुने ठाउँका कलेक्टर अफ कष्टम्सले आफ्नो तजवीजले सो म्याद बढाउन पनि सक्नेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. काठमाडौंमा रहेका भारतीय राजदूतावासले यस्ता सकल फारामहरु महिना महिनाको पटक गरी चलानीसहित सम्बन्धित बन्दरगाहका कलेक्टर अफ कष्टम्सछेउ पठाउनेछ।

११. सम्बन्धित कलेक्टर अफ कष्टम्सले भारतीय राजदूतावासबाट यसरी पठाइएका सकल फारामहरु कष्टम्स हाउसमा राखिएका चौथा प्रतिसँग भिडाई, दुरुस्त भएमा र मालसामानहरु साबुदै नेपाल पुगेको देखिएमा, काठमाडौं स्थित भारतीय राजदूतावासबाट फारामहरु प्राप्त भएको १ महिनाभित्रमा फाराममा लेखिएबमोजिमका माल सामानहरुको तिरिसकेको पैठारी मन्सारमसुहल बराबरको अंक इम्पेरियल व्याँक अफ इण्डियामा नेपाल कष्टम्स खातामा जम्मा गरी दिन सम्बन्धित एकाउण्टेण्ट जनरलसँग जो चाहिने बन्दोबस्त मिलाउनेछन्।

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नम्बर .. .. मिति .. .. १६ ..

सक्कल
दोस्रो प्रति
तेस्रो प्रति
चौथो प्रति

## भारत भन्सारको लाहाछाप लगाई भारतको बाटा नेपालमा लैजान भारतमा पैठारी भएका मालको फाराम

.. .. .. बाट
[ प्रवेश भरेको बन्दरगाह ]

.. .. .. .. द्वारा
[ व्यापारीको नाम ]

रक्सौल । जोगवनी । जयनगर नौतनवा
नेपालगंजको× सिमाना चौकीको बाटो

| अद्दतमा भएका चिन्ह र नम्बरहरु | अद्दतका संख्या र विवरण | मालको बयान | खुद तौल या परिमा- | मूल्य | महसूलको दर | जंमा महसूल ÷ | एन्ट्री बिलको नंबर र मिति | अद्दतको तौल | छ भनेरेल्वे रसिदको नम्बर र मिति & | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | रु आ. पा. | | रु. आ पा. | | इं. क्या. पौं. | | |

× नेपालमा निकाशी गरिने सम्वन्धित सीमाना चौकीको नाम मात्र राख्ने
* तौल या परिमाणको आधारमा महसूल कसेको भए।
÷ अंक र अक्षरेपी दुवैमा लेख्नुपर्ने।
& सद्दरमा मात्र।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. माथि लेखिएका विवरण ठीक साँचा हुन् र यी माल नेपालको . . . (ठाउँ) मा निकाशी गरिने हुन् र विचैबाट अरू कुनै देशमा लगिनेछैनन् भनी म (हामी) कबूल गर्छु, (गर्छौं) ।

स्थान . . . . .

मिति . . . . .

पैठारी गर्ने या निजका वारीसको सहि

२. उपरोक्त मालहरू नेपालमा निकाशी गर्ने इजाजत दिइन्छ ।

स्थान . . . . . . .

मिति . . . . . . .

नेपाल सरकारले मुकरर गरेको अफिसरको दर्जा र सहि

३. उपरोक्त अदतहरू मैले जाँचबुझ र मेरो रेखदेखमा भन्सारको सील लगाएको हो भनी प्रमाणित गर्दछु।

जाँचकीको सहि

.. .. .. कष्टम हाउस

स्थान .. .. ..

मिति .. ..

कष्टमसका असिष्टेण्ट कलेक्टरको सहि

मिति .. .. ..

४. उपरोक्त अदत मैले रीतपूर्वक जाँचबुझ गरें र सो माल सीमानाको भन्सार चौकीपार भयो भनी प्रमाणित गर्दछु ।

स्थान .. .. .. .. को सीमाना भन्सार चौकीमा रहेका भारतीय अफिसर इन्चार्जको दर्जा र सहि

मिति

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. उपरोक्त अदल जाँच्दा फाराममा लेखिएको वेहोरासँग अदत भिड्छ र भारतीय कष्टम्सको सील पनि साबुद छ र नेपाल-भित्र जान यस नेपाल भन्सार अड्डाको जिम्माबाट रीतपूर्वक छुट्यो भनी प्रमाणित गर्दछु ।

स्थान .. .. .. नेपाल सीमानाको .. .. .. भन्सारका हाकिमको दर्जा र सहि

मिति .. .. ..

६. स्थान .. .. .. हस्ताक्षर

मिति .. .. .. छाप नेपाल सरकारले मुकरर गरेको प्रमाणात्मक हस्ताक्षर गर्ने अफिसरको दर्जा

## आदेश

फाराममा लेखिएबमोजिमको मालमा लगाइएको भन्सार महसूल बराबरको रु .. .. अक्षरेऽपि .. .. इम्पेरियल बैंक अफ् इण्डियामा नेपाल कष्टम्सको खातामा जम्मा गरिदिनु ।

.. .. .. .. कष्टम हाउस कलेक्टर अफ् कष्टम्सको सहि

मिति .. .. ..

---

नोट:– बन्दरगाहामा रहेका कलेक्टर अफ् कष्टम्सले फारामको दोस्रो र तेस्रो प्रति नक्कलहरू रक्सौल, जोगवनी, जयनगर, नौतनुवा वा नेपालगञ्जका सीमाना चौकीमा रहेका लाण्ड कष्टम्स एण्ड सेन्ट्रल एक्साइज इन्सपेक्टरकहाँ रजिष्टरी गरी पठाउनेछन् । माथिको दफा ६ बमोजिम नेपाल सरकारबाट मुकरर भएका अधिकारीले दस्तखत गरिसकेपछि काठमाडौं स्थित भारतीय राजदूतावासले सक्कल फाराम .. .. .. को कलेक्टर अफ् कष्टम्सकहाँ फिर्ता पठाउनेछ । (जसको ठेगाना पैठारी भएको बन्दरगाहामा माथिको ३ नंबरको प्रमाण पत्रमा सहि गर्ने जाँचकीले लेखेकोछन् ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।